साना सहरी खानेपानी तथा सरसफाई आयोजना
अन्तर्गत
खानेपानी आपूर्ति व्यवस्थाको थप विस्तारका सम्बन्धमा

नगर विकास कोष
र
लेखनाथ खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका
बीच
मिति २०६२।०८।२० को ऋण सम्झौताका अतिरिक्त
थप ऋण प्रदान गर्नकालागि गरिएको
संशोधन

२०७०। ०७ ।११

नगर विकास कोष ऐन, २०५३ को दफा ३ बमोजिम स्थापित भई हाल बागमती अंचल काठमाडौ जिल्ला, काठमाडौ महानरपालिका वडा नं. १० नयाँ बानेश्वरमा कार्यालय रहेको **नगर विकास कोष** (यसपछि "**कोष**" भनी सम्बोधन गरिएको)

**र**

जलस्रोत ऐन २०४९ को दफा (२४) (२) (क) अन्तर्गतको खानेपानी नियमावली, २०५५ वमोजिम गठन भई सोही नियमावलीले तोकेको प्रक्रिया पुऱ्याई जलस्रोत नियमावली, २०५० वमोजिम कास्की जिल्ला जलस्रोत समितिबाट दोस्रो सहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत खानेपानी आपूर्ति व्यवस्थाको लागि अनुमति प्राप्त गण्डकी अंचल, कास्की जिल्ला लेखनाथ नगरपालिका वडा नं. .. मा कार्यालय रहेको लेखनाथ खानेपानी तथा सरसफाई उपभोक्ता संस्था (जसलाई यसपछि "उपभोक्ता संस्था" भनिएको)

**का विचमा**

नेपाल सरकार र एशियाली विकास बैंकका बीच १८ डिसेम्वर २००० का दिन सम्पन्न ऋण सम्झौता नं. १७५५-नेप एस.एफ एवं मिति ५ मार्च २००१ मा एशियाली विकास बैंक र नगर विकास कोषका बीच सम्पन्न सहायक ऋण सम्झौताका आधारमा उल्लेखित लेखनाथ उपभोक्ता संस्थाद्वारा तोकिए वमोजिमको खानेपानी तथा सरसफाई आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापन गर्नका लागि मिति २०६२।०८।२० को ऋण सम्झौता बमोजिमको ऋण कोषवाट दिई आएको अवस्था,

**मा**

उक्त आयोजनालाई विस्तार गर्नकालागि आवस्यक अध्ययन एवं मूल्याङ्कन बमोजीम कोषको लगानी प्रवर्द्धन समितिको मिति २०७०।०६। २१ को निर्णयानुसार उक्त आयोजनालाई निर्माण विस्तार एवं संचालनका लागि थप लगानी गर्नकालागि देहायका शर्त बन्देजहरुको पालना गर्ने गराउने गरी दुवै पक्षको मञ्जुरी भएकाले तपसिलमा उल्लेखित साक्षीहरुको रोहवरमा कोषको कार्यालय, काठमाडौमा बसी मिति २०६२।०८।२० को ऋण सम्झौताको भाग २ शर्त नं. २.२७ ले दिएको अधिकार प्रयोग गरी प्रचलित करार कानूनको अधिनमा रहने गरि यो संशोधन सम्झौताको कागज लेखि सही छाप गरी एक एक प्रति लियौ दियौ ।

## तपशिल

१. साना सहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत लेखनाथ नगरपालिकामा संचालित खानेपानी आपूर्ती व्यवस्थाको थप निर्माण, विस्तार, संचालन तथा व्यवस्थापन गर्न उपभोक्ता समितिबाट ईष्टमेट गराई पेश भएको लागत अनुमान रकम रु. ५९,९५,९११ ।– (अक्षरेपी उनान्साठी लाख पन्चानब्बे हजार नौ सय एघार मात्र) को कोषको ऋण तथा अनुदान निति अनुरुप ९० प्रतिशतले हुन आउने रकम रु. ५३,९६,३२०।- (अक्षरेपी त्रिपन्न लाख छयानब्बे हजार तिन सय विस मात्र) उक्त आयोजना निर्माण, विस्तार एवं संचालन गरी उपभोक्ताहरुलाई सुविधा तथा कोषको ऋणको भुक्तानीलाई सुनिश्चतता गर्ने उद्येश्यका साथ थप ऋण स्वरुप रु. ५३,९६,३२०।- (अक्षरेपी त्रिपन्न लाख छयानब्बे हजार तिन सय विस मात्र) दिन र लिन दुवै पक्षको मञ्जुरी रहेको छ ।

१.१ खानेपानी आपूर्ती व्यवस्थाको थप निर्माण, विस्तार, संचालन तथा व्यवस्थापनका लागि लागत अनुमान अनुसारको जम्मा रकम रु. ५९,९५,९११ ।– (अक्षरेपी उनान्साठी लाख पन्चानब्बे हजार नौ सय एघार मात्र) को लगानी निम्नानुसारको हुनेछ ।

क) कोषवाट थप ऋण स्वरुप लागत अनुमान अंकको ९० प्रतिशतले हुन आउने रु. ५३,९६,३२०।- (अक्षरेपी त्रिपन्न लाख छयानब्बे हजार तिन सय विस मात्र)

ख) उपभोक्ताको लगानी लागत अनुमान अंकको १० प्रतिशतले हुन आउने रु.५,९९,५९१।- (अक्षरेपी पाँच लाख उनान्सय हजार पाँच सय एकानब्बे मात्र)

२. **विशेष शर्तहरु**

| | |
|---|---|
| क) उक्त थप लगानीको ब्याज: | बार्षिक ७ प्रतिशत |
| ख) ऋण भुक्तानी समयावधी: | ३ वर्षको |
| ग) किस्ता: | अर्ध वार्षिक |
| घ) थप ऋण रकमको जमानत: | सम्वन्धित नगरपालिकाको जमानत |

३. मिति २०६२।०८।२० मा कोष र लेखनाथ खानेपानी तथा सरसफाई उपभोक्ता संस्था बीच भएको ऋण सम्झौताको अनुसूचीमा रहेको ऋण भुक्तानी तालिकामा यस सम्झौता अनुसार थप गरिएको रकमलाई समेत पुर्नतालिकीकरण गरी थप ऋणको साँवा ब्याजलाई ६ किस्तामा विभाजन गरी समायोजन गरिएको छ । साथै पुर्नतालिकीकरण गरिएको भुक्तानी तालिका मिति २०६१।०३।३० मा भएको सम्झौताको अभिन्न अंगका रुपमा रहनेछ ।

२ : **कागजातहरु**

देहायका कागजात, लिखत तथा सम्झौताहरु मिति २०६२।०८।२० को सम्झौताका अभिन्न अंग मानिनेछन् ।

(क) यो संशोधित व्यवस्था मिति २०६२।०८।२० गते नगर विकास कोष र लेखनाथ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था बीच सम्पन्न सम्झौताको अभिन्न अंगका रुपमा रहनेछ ।

(ख) उल्लेखित थप ऋणको लगानी विशेष शर्तहरु यसै संशोधित सम्झौता बमोजिम र अन्य ऋण असुली तथा प्रावधानहरु कोष र लेखनाथ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था बीच मिति २०६२।०८।२० मा सम्पन्न सम्झौताका शर्त तथा प्रावधानहरु अनुरुप हुनेछन् ।

**३ : सूचना**

यस सम्झौता अन्तर्गत हुने अन्य सम्झौता, अनुरोध पत्र र सूचना लिखित रुपमा हुनेछ । त्यस्तो अनुरोध पत्र र सूचना देहाय बमोजिमको ठेगानामा दिईएमा रीतपूर्वक दिईएको मानिने छ ।

| उपभोक्ता संस्थाको ठेगाना | कोषको ठेगाना |
| --- | --- |
| लेखनाथ खानेपानी तथा सरसफाई<br>उपभोक्ता संस्था<br><br>फोन:<br>इमेल | नगर विकास कोष<br>वागमती अंचल काठमाडौं जिल्ला,<br>काठमाडौ महानरपालिका वडा नं. १०<br>नयाँ बानेश्वर, फोन:०१४४९३८६६<br>ईमेल: tdf@tdf.org.np |

| उपभोक्ता संस्थाको तर्फबाट | नगर विकास कोषको तर्फबाट |
| --- | --- |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम: बोधराज लामिछाने | नाम: सुशील ज्ञवाली |
| पद: अध्यक्ष्य | पद: कार्यकारी निर्देशक |
| ठेगाना: ले.खा.पा.उ.सं. | ठेगाना: नगर विकास कोष |
| (संस्थाको छाप) | (कोषको छाप) |

**साक्षीहरु**

| | |
| --- | --- |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : शालिग्राम पौडेल | नाम : सुवास राज पन्त |
| पद: सल्लाहकार संयोजक | पद: अधिकृत |
| ठेगाना: ले.खा.पा.उ.सं | ठेगाना: नगर विकास कोष |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : हरि प्रसाद लामिछाने | नाम : हर्कुस बोहरा |
| पद: सचिव | पद: का.स. |
| ठेगाना: ले.खा.पा.उ.सं | ठेगाना: नगर विकास कोष |

ईति सम्वत् २०७० साल ~~आश्विन~~ कार्तिक महिना ११ गते रो २ शुभम्............................ ।